नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, चैत २० गते २०३७ साल [अतिरिक्ताङ्क ७३ (क)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

जग्गा (नाप जाँच) (चौथो संशोधन) नियमावली, २०३७

जग्गा (नाप जाँच) नियमावली, २०३२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "जग्गा (नाप जाँच) (चौथो संशोधन) नियमावली, २०३७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. जग्गा (नाप जाँच) नियमावली, २०३२ को नियम २ मा संशोधनः जग्गा (नाप जाँच) नियमावली, २०३२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "निर्देशक" भन्नाले श्री ५ को सरकार, नापी विभागको महा-निर्देशक सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३. जग्गा नाप जाँच गर्ने तथा दर्ता गर्ने अधिकारी: (१) ऐनको दफा ३ को उपदफा (२) को प्रयोजनको लागि जग्गा नापी वा जाँच गर्ने, त्यसको क्षेत्रफल यकीन गर्ने र तेरो मेरो परेकोमा बाहेक क्षेत्रीय किताब (फिल्डबुक) मा दर्ता गर्ने अधिकारी नापी टोलीको अमीन हुनेछ ।

(२) ऐनको दफा ३ को उपदफा (२) र दफा १० को उपदफा (१) को प्रयोजनको लागि जग्गाको किसिम छुट्याउने अधिकारी नापी टोलीको नापी निरीक्षक हुनेछ । नापी निरीक्षकले त्यस्तो जग्गाको किसिम छुट्याउँदा सम्बन्धित क्षेत्रमा नापी गर्ने नापी टोलीको अमीन, सम्बन्धित पञ्चायतका वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य र सम्बन्धित जग्गाधनी र मोही राखी छलफल गरी जग्गाको किसिम छुट्याउनेछ ।

तर पुनर्वास विभाग अन्तर्गत बसोबास सम्बन्धी काम कारवाई भइरहेको क्षेत्रमा नापी विभागले तोकेको अवस्थामा जग्गाको किसिम छुट्याउने तथा अन्य काम गर्ने अधिकारी बसोबास अधिकृत हुनेछ ।"

४. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) उप-नियम (२) बमोजिम उपस्थित रहेका व्यक्तिहरूको रोहवरमा नापी टोली प्रमुखले जग्गा नाप जाँच गर्ने व्यवस्था मिलाउनेछ र सम्बन्धित अमीनले सात दिनसम्म नापी गरेको जग्गाको प्रत्येक सात दिनमा अनुसूची १ क. बमोजिमको सूचना टाँसी ऐनको दफा ६ को उप-दफा (५) र (५ख.) को अधीनमा रही नापी भएको जग्गाको प्रमाण हेरी भिडाई सम्बन्धित व्यक्तिको नाउँमा नापी टोलीको मुकाममा नै शहरी क्षेत्र बाहेक अन्य क्षेत्रको लागि अनुसूची २ शहरी क्षेत्रको लागि अनुसूची २ क. र जमीन र माथिल्लो वा एकै तल्लामा पृथक पृथक स्वामित्व भएको जग्गाको लागि अनुसूची २ ख. बमोजिमको ढाँचाको क्षेत्रीय किताबमा दर्ता गर्नेछ ।

तर अनुसूची १ क. बमोजिम प्रकाशित सूचनामा चित्त नबुझ्ने व्यक्तिले सो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र अनुसूची १ ग. बमोजिमको ढाँचामा सम्बन्धित नापी टोली प्रमुखसमक्ष निवेदन दिनु पर्नेछ र यसरी पर्न आएको निवेदनमा सम्बन्धित नापी टोली प्रमुखले पन्ध्र दिनभित्र निर्णय गर्नु पर्नेछ ।"

५. मूल नियमावलीमा नियम ६ क. थप : मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६ क. थपिएको छः–

"६क. दर्ता गरेको क्षेत्रफल सच्याउन सक्ने : अमीनले क्षेत्रीय किताबमा दर्ता गरेको क्षेत्रफल पछि जाँच्दा घटी बढी हुन आएमा नापी टोली प्रमुखले सो सच्याई सम्बन्धित व्यक्तिलाई जानकारी दिनु पर्नेछ ।"

१२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,-

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) ऐनको दफा ६ को उप-दफा (५) बमोजिम दर्ता तिरो केही नभएको तर परापूर्वदेखि बेनिस्सा हकभोग भई खास आवाद गरी खाई आएको जग्गा दर्ता गराउने सिलसिलामा उजूर परेमा निर्णय गर्न सम्बन्धित जिल्लामा देहायको सदस्यहरू भएको एक समिति हुनेछः–

(क) प्रमुख जिल्ला अधिकारी–	अध्यक्ष
(ख) माल कार्यालय वा मालपोत कार्यालयका प्रमुख–	सदस्य
(ग) जिल्ला पञ्चायतको प्रतिनिधि–	सदस्य
(घ) प्रमुख नापी अधिकृत वा नापी अधिकृत–	सदस्य-सचिव

(२) उप-नियम (२) मा रहेको "तीनजना" भन्ने शब्दको सट्टा "दुईजना" भन्ने शब्द राखिएको छ ।

(३) उप-नियम (६) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :–

"तर नापी गोश्वारा उठिसकेको जिल्लाको हकमा सो कारवाई गर्ने अधिकारी माल कार्यालय वा मालपोत कार्यालयका प्रमुख हुनेछ ।"

(४) उप-नियम (६) पछि देहायको उप-नियम (७) थपिएको छः–

"(७) ऐनको दफा ६ को उप-दफा (५क) को प्रयोजनको लागि घर जग्गा दर्ता गर्ने अधिकारी नापी अधिकृत हुनेछ ।"

७. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

"८. जग्गाधनी दर्ता प्रमाणपूर्जा दिइने : (१) ऐनको दफा ८ को उप-दफा (१) बमोजिम जग्गा नाप जाँच भई दर्ता स्रेस्ताको काम समाप्त भएपछि नापी अधिकृत वा निज नभएको ठाउँमा माल कार्यालय वा मालपोत कार्यालयका प्रमुखले क्षेत्रीय किताब (फिल्डबुक) को आधारमा जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गराई आफ्नो दस्तखत गरी सम्बन्धित जग्गावाला वा निजको प्रतिनिधिलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा दिनु पर्नेछ ।

(२) उप-नियम (१) मा उल्लेखित जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जा देहायको लागि देहायबमोजिमको ढाँचामा हुनेछन्:–

(क) शहरी क्षेत्र बाहेक अन्य क्षेत्रको लागि क्रमशः अनुसूची ३ र ४ बमोजिमको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) शहरी क्षेत्रको लागि क्रमशः अनुसूची ३क र ४क बमोजिमको,

(ग) जमीन र माथिल्लो वा एकै तल्लामा पृथक पृथक स्वामित्व भएको जग्गाको लागि क्रमशः अनुसूची ३ख. र ४ख. बमोजिमको,

(घ) पुनर्वास विभाग अन्तर्गत बसोबास सम्बन्धी जग्गाको लागि क्रमशः अनुसूची ३ग र ४ग बमोजिमको ।

(३) ऐनको दफा ८ को उप-दफा (२) र (३) को प्रयोजनको लागि उजूरी हेर्ने अधिकारी नापी अधिकृत भएको ठाउँमा नापी अधिकृत र निज नभएको ठाउँमा माल कार्यालय वा मालपोत कार्यालयका प्रमुख हुनेछ ।

(४) उप-नियम (१) बमोजिम जग्गाधनी दर्ता प्रमाणपूर्जा नपाएकोमा वा जग्गाधनी दर्ता प्रमाणपूर्जा पाएपछि पनि त्यसमा चित्त नबुझी कसैको उजूर परेमा नापी अधिकृत सो जिल्लामा रहँदासम्म नापी अधिकृतले र निज नभएमा माल कार्यालय वा मालपोत कार्यालयका प्रमुखले त्यस्तो उजूरी उपर छानबीन गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा दिनु पर्ने भए दिन वा सच्याउनु पर्ने भए सच्याई अर्को जग्गाधनी दर्ता प्रमाणपूर्जा दिनु पर्नेछ ।

तर कुनै जग्गावाला वा निजको प्रतिनिधिले जग्गाधनी दर्ता प्रमाण-पूर्जा लिन आउँदा निजलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा दिन नसकिएमा दिन नसकिएको कारण खुलाई निस्सा गरी दिनु पर्नेछ ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ३ को उप-नियम (२) बमोजिम तोकिएको अवस्थामा उप-नियम (१), (२), (३) र (४) बमोजिमको काम कारवाई गर्ने अधिकारी बसोबास अधिकृत हुनेछ ।"

८. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः–

"११. शहरी क्षेत्रको जग्गाको किसिम छुट्याउने तरीकाः नापी अधिकृत नगर पञ्चायतको प्रतिनिधि र स्थानीय कर कार्यालयको कर अधिकृत भएको समितिले बजार क्षेत्र र आवासीय क्षेत्रहरूमा उपलब्ध शहरी सुविधाको साथै निकट भविष्यमा उपलब्ध हुन सक्ने सुविधालाई ध्यानमा राखी ऐनको दफा १० को उपदफा (२) बमोजिम शहरी क्षेत्रको जग्गाको किसिम देहायको तरीकाले छुट्याउनेछः–

(क) खण्ड कः शहरी सुविधा उपलब्ध भएको र मुख्य बजार क्षेत्र (शपिंग सेन्टर) भएको र मूल सडक जोडिएको घर जग्गा खण्ड क. हुन्छ ।

(ख) खण्ड खः खण्ड क. संग जोडिएको वा खण्ड क. को नजीक पर्ने र सहायक सडक जोडिएको घर जग्गा खण्ड ख. हुन्छ ।

९२४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड ग : खण्ड ख. संग जोडिएको वा खण्ड ख. बाट केही टाढा र शाखा सडक जोडिएको घर जग्गा खण्ड ग. हुन्छ ।

(घ) खण्ड घ : खण्ड ग. संग जोडिएको वा खण्ड ग. बाट केही टाढा र निकास बाटो वा गल्ली बाटो जोडिएको घर जग्गा खण्ड घ. हुन्छ ।

(ङ) खण्ड ङ : खण्ड घ. संग जोडिएको घर जग्गा खण्ड ङ. हुन्छ ।

(च) खण्ड च : खण्ड क, ख, ग, घ, र ङ मा नपरेका घर जग्गा वा शहरी सुविधा उपलब्ध भइनसकेको शहरी क्षेत्रभित्रको घर जग्गा खण्ड च. हुन्छ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि,–

(१) "शहरी सुविधा" भन्नाले धारा, बिजुली, टेलिफोन र सुलभ यातायात जस्ता आधुनिक शहरी सुविधालाई जनाउँछ ।

(२) "मूल सडक" भन्नाले शहरको आवासीय क्षेत्रको मुख्य सडक र खुल्ला राजमार्गलाई जनाउँछ ।

(३) "सहायक सडक" भन्नाले मूल सडकसंग जोडिएको सडकलाई जनाउँछ ।

(४) "शाखा सडक" भन्नाले सहायक सडकसंग जोडिएको सडकलाई जनाउँछ ।

(५) "निकास बाटो" भन्नाले केही घरको लागि मात्र बनेको एक छेउ बन्द सडकलाई जनाउँछ ।

(६) "गल्ली बाटो" भन्नाले मोटर नचल्ने पैदल मात्र हिंड्ने बाटोलाई जनाउँछ ।

८. मूल नियमावलीको नियम ११ ख. मा संशोधन : मूल नियमावलीको नियम ११ ख. को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) ऐनको दफा १० को उप-दफा (४) बमोजिम जग्गाको किसिम छुट्याइएकोमा पुनः उजूरी गर्न शहरी क्षेत्रको जग्गाको निमित्त निर्देशकले तोकेको अधिकृत, अञ्चलाधीश कार्यालयको प्रतिनिधि र जिल्ला कार्यालयको प्रतिनिधि भएको समिति हुनेछ र शहरी क्षेत्र बाहेक अन्य क्षेत्रको जग्गाको निमित्त नापी अधिकृत, जिल्ला कार्यालयको प्रतिनिधि, माल कार्यालय वा मालपोत कार्यालयको प्रतिनिधि र जिल्ला पञ्चायतको प्रतिनिधि भएको समिति हुनेछ । यसरी पुनः उजूरी गर्दा उप-नियम (१) बमोजिमको समितिले निर्णय गरेको मितिले सात दिनभित्र शहरी क्षेत्रको जग्गाको

१२४१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हकमा नापी गोश्वारामार्फत र शहरी क्षेत्र बाहेक अन्य क्षेत्रको जग्गाको हकमा नापी अधिकृतमार्फत उजूर गर्नु पर्नेछ ।"

१०. मूल नियमावलीको नियम ११ ग. मा संशोधन : मूल नियमावलीको नियम ११ ग. मा रहेको "भूमि प्रशासन कार्यालय वा भूमिसुधार अधिकारीको कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "माल कार्यालय वा मालपोत कार्यालयमा" भन्ने शब्दहरू र "भूमि प्रशासक वा भूमिसुधार अधिकारी" भन्ने शब्दहरूको सट्टा "माल कार्यालय वा मालपोत कार्यालयका प्रमुख" भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को,–

(१) उप-नियम (१) मा रहेको "भूमिसुधार अधिकारी वा भूमि प्रशासक" भन्ने शब्दहरूको सट्टा "माल कार्यालय वा मालपोत कार्यालयका प्रमुख" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) ऐनको दफा १२ को उप-दफा (२) बमोजिम जरीवाना गर्ने अधिकारी नापी अधिकृत भएको ठाउँमा नापी अधिकृत र निज नभएको ठाउँमा माल कार्यालय वा मालपोत कार्यालयका प्रमुख हुनेछ ।"

(३) उप-नियम (४) मा रहेको "कोष तहसील कार्यालयले" भन्ने शब्दहरूको सट्टा "मालपोत कार्यालयले" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल नियमावलीको अनुसूचीहरूमा संशोधन : मूल नियमावलीको,–

(१) अनुसूची १ घ. झिकिएको छ ।

(२) अनुसूची २ क., ३, ३ क., ४ र ४क.को सट्टा यसै साथ संलग्न क्रमशः अनुसूची २क., ३, ३क., ४ र ४क. राखिएका छन् ।

१३. मूल नियमावलीमा अनुसूचीहरू थप : मूल नियमावलीमा यसैसाथ संलग्न अनुसूची २ख., ३ख., ३ग., ४ख. र ४ग. थपिएका छन् ।

१२५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२ क

(नियम ६ को उपनियम (३) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

नापी फाराम नं. १ क

क्षेत्रीय किताब

कित्ता नम्बर	मोहीको			जग्गावालाको			जग्गाको विवरण (घर, बगैंचा पोखरी आदि)	जग्गाको किसिम (खण्ड क, ख, ग, घ, ङ वा च)	क्षेत्रफल	चौहद्दी				नापी भए को मिति	प्रमाण संकेत	कैफियत
	सहीछाप	नाम, थर र वतन तथा बाबु र बाजेको नाम	व्यहोरा	सही छाप	नाम, थर र वतन तथा बाबु र बाजेको नाम	व्यहोरा				पूर्व	पश्चिम	उत्तर	दक्षिण			

९२५२

गाउँ वा नगर पञ्चायत सदस्यको सहीछाप — नापी टोली प्रमुखको सहीछाप — नापी निरीक्षकको सहीछाप — अमिनको सहीछाप

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फाराम नं. १ ख
क्षेत्रीय किताब

अनुसूची – २ ख
(नियम ६ को उपनियम (३) संग सम्बन्धित)
श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय

जमीन किता नम्बर	तल्लाको किसिम	जमीन तल्ला वालाको नाम, थर र वतन	सम्बन्धित तल्लावालाको		तल्ला (जमीन तल्ला, पहिलो तल्ला आदि)	तल्लाको विवरण		नापी भएको मिति	प्रमाण संकेत	कैफियत
			सहीछाप	नाम, थर र वतन तथा बाबुको नाम र सम्भव भए बाजेको नामसमेत		नाम	अरु विवरण			
						लम्बाइः– चौडाइः– वर्ग मिटरः–				९२५८

गाउँ वा नगर पंचायतको सदस्यको सहीछापः– नापी निरीक्षकको सहीछापः– नापी टोली प्रमुखको सहीछापः– अमिनको सहीछापः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फाराम नं. ३

पाना नं. . . . .

अनुसूची– ३

(नियम ८ को उपनियम (२) को खण्ड (क) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

जग्गाधनी दर्ता श्रेस्ता

जग्गाधनीको नाम, थर . . . .

उमेर . . . . . .

जग्गाधनीको वतन . . . .

जग्गाधनीको बाबुको नाम . . . . . र

सम्भव भए बाजेको नामसमेत . . . . . .

अञ्चल . . . . जिल्ला . . . . .

पञ्चायत . . . .

कैफियत

जम्मा क्षेत्रफल . . .

प्रमाण संकेत, साबिक नम्बर राजीनामा, अदालतको फैसला इत्यादि	वार्ड नम्बर	कित्ता नम्बर	विवरण आवादी, पर्ति, पोखरी इत्यादि	जग्गाधनी को हक हिस्सा	मोहीको नाम, थर, वतन र नम्बर भए सोसमेत, मोहीको बाबुको नाम र सम्भव भए बाजेको नामसमेत	जग्गाको किसिम र क्षेत्रफल — धनहर वा खेत (विगहा रोपनी) वर्ग मिटर: अव्वल	दोयम	सिम	चाहार	नापी भएको खुद क्षेत्रफल — भीट वा पाखो (विगहा रोपनी) वर्ग मिटर: अव्वल	दोयम	सिम	चाहार	पाँचौं तह	आली कान्ला बापत कटाई बाँकी हुन आएको क्षेत्रफल	सहीछाप र मिति
९२५२					जम्मा अगाडि लगेको											

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

फाराम नं. ३ क

कैफियत

जम्मा क्षेत्रफल:–

अनुसूची– ३ क

(नियम ८ को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

जग्गाधनी दर्ता श्रेस्ता

पाना नं. :–

जग्गाधनीको नाम, थर:– . . . . . .

जग्गाधनीको वतन:– . . . .

जग्गाधनीको बाबुको नाम:– . . . . र

सम्भव भए बाजेको नामसमेत:– . . . .

अंचल:– . . . . . जिल्ला:– . . . . .

पंचायत:– . . . .

प्रमाण संकेत साबिक नंबर राजीनामा, अदालतको फैसला इत्यादि	वार्ड नंबर	कित्ता नंबर	विवरण आबादी, पर्ति, पोखरी, घर जग्गा	जग्गाधनीको हक हिस्सा	मोहीको नाम, थर, वतन र नम्बर भए सोसमेत मोहीको बाबुको नाम र सम्भव भए बाजेको नाम समेत	शहरी क्षेत्रको किसिम र क्षेत्रफल (बिगहा रोपनी) वर्ग मिटर						नापी फाराम नं. १ क. मा लेखिएको कैफियत व्यहोरा	सहीछाप र मिति
						खण्ड क	खण्ड ख	खण्ड ग	खण्ड घ	खण्ड ङ	खण्ड च		

जम्मा अगाडि लगेको

१२५६

यस पानामा जम्मा कित्ता .... छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ३ ख.

(नियम ८ को उपनियम (२) को खण्ड (ग) संग सम्बन्धित)

पाना नं.:– . . . .

तल्लावालाको नाम, थर :– . . . .

वतन:– . . . .

तल्लावालाको बाबुको नाम:– . . . . . र

सम्भव भए बाजेको नामसमेत:– . . . . .

अन्चल:– . . . . जिल्ला:– . . . .

पञ्चायत:– . . . .

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

जग्गाधनी दर्ता श्रेस्ता

नापी फाराम नं. ३ ख.

प्रमाण संकेत	वार्ड नम्बर	जमीन तल्लाको		जमीन तल्लावालाको नाम, थर र वतन	तल्ला (जमीन तल्ला, पहिलो तल्ला आदि)	तल्लाको विवरण		तल्लावालाको हक हिस्सा	नापी फाराम नं. १ ख मा लेखिए को कैफियत व्यहोरा	सहीछाप र मिति	कैफियत
		कित्ता नम्बर	किसिम			नाप	अरू विवरण				
						लम्बाइ:– चौडाइ:– वर्ग मिटर:–					

१२५७

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३ ग.

(नियम ८ को उपनियम (२) को खण्ड (घ) संग सम्बन्धित)

श्री ५ को सरकार

वन मन्त्रालय

जग्गाधनी दर्ता श्रेस्ता

जग्गाधनी नं. ... ...

जग्गा पाउनेको नाम र थर ...

जग्गा पाउनेको बाबुको नाम ... ...

जग्गा पाउनेको बाजेको नाम . . ...

अञ्चल ... जिल्ला ... .

पञ्चायत ... ...

जम्मा क्षेत्रफल

दश वर्षसम्म बेच-बिखन दान-दातव्य हक हस्तान्तरण गर्न नपाउने

प्रमाण संकेत क्षेत्रीय बसोबास कार्यालय को चलानी पुर्जाबाट	वार्ड नम्बर	कित्ता नम्बर	जग्गा पाउनेको साबिक ठेगाना				जग्गाको किसिम र क्षेत्रफल								जग्गाको मोल	मालपोत	दर्ता पुर्जा दिने अधिकारीको सहीछाप र मिति	कैफियत
							धनहर वा खेत बिगहा				भिट वा पाखो बिगहा							
			अञ्चल	जिल्ला	पञ्चायत	वार्ड नम्बर	अवल	दोयम	सिम	चाहार	अवल	दोयम	सिम	चाहार				
																	९२५८	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाना नं. . . . .

नापी फाराम नं. ४

अनुसूची–४

(नियम ८ को उपनियम (२) को ख) संग सम्बन्धित

श्री ५ को सर

भूमिसुधार मन्

जग्गाधनी दर्ता प्रम

जग्गाधनीको नाम, थर . . . .

उमेर . . . .

जग्गाधनीको वतन . . . .

जग्गाधनीको बाबुको नाम . . . . र

सम्भव भए बाजेको नामसमेत . . . . .

अंचल : . . . . . जिल्ला . . . .

पंचायत . . . .

जम्मा क्षेत्रफल

प्रमाण संकेत, साबिक नम्बर, राजीनामा, अदालतको फैसला इत्यादि	वार्ड नम्बर	कित्ता नम्बर	विवरण आवादी पर्ति पोखरी इत्यादि	जग्गाधनीको हक हिस्सा	मोहीको नाम, थर वतन र नम्बर भए सोसमेत मोहीको बाबुको नाम र सम्भव भए बाजेको नामसमेत	जग सिम र क्षेत्रफल (नापी भएको खुद क्षेत्रफल) धनहर व (बिगहा, रोपनी) मिटर: अवल	दो	चाहार	भीट वा पाखो (बिगहा, रोपनी) वर्ग मिटर: अवल	दोयम	सिम	चाहार	पाचौं तह	आली कान्ला वापत कटाई बाँकी हुन आएको क्षेत्रफल	सहीछाप र मिति
					जम्मा अगाडि लगेको										

१२५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

पाना नं. . . .

नापी फाराम नं. ४ क.

अनुसूची– ४ क.
(नियम ८ को उपनियम (२) को खण्ड (ख) बन्धित)
श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय
जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनीको नाम, थर . . . .
जग्गाधनीको वतन . . . .
जग्गाधनीको बाबुको नाम . . . . र
संभव भए बाजेको नाम समेत . . . .
अञ्चल . . . . जिल्ला . . . .
पञ्चायत . . . .

जम्मा क्षेत्रफल

प्रमाण संकेत साबिक नंबर राजीनामा अदालतको फैसला इत्यादि	वार्ड नम्बर	कित्ता नम्बर	विवरण आवादी पर्ति, पोखरी, घर जग्गा	जग्गाधनीको हक हिस्सा	मोहीको नाम, थर वतन र नम्बर भए सोसमेत, मोहीको बाबुको नाम र सम्भव भए बाजेको नामसमेत	शहरी क्षेत्रको किसिम र क्षेत्रफल (विगहा रोपनी) वर्ग मिटर						नापी फाराम नं. १ क मा लेखिएको कैफियत व्यहोरा	सहीछाप र मिति
						क	खण्ड ख	खण्ड ग	खण्ड घ	खण्ड ङ	खण्ड च		

जम्मा अगाडि लगेको

यस पानामा जम्मा कित्ता . . . . छ

१३००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फाराम नं. ४ ख.

अनुसूची –४ ख.

(नियम ८ को उपनियम (२) को खण्ड (ग) सँग सम्बन्धित

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

जग्गाधनी दर्ता प्रमाणपूर्जा

पाना नं. . . . .

तल्लावालाको नाम, थर. . . . .

वतन. . . . .

तल्लावालाको बाबुको नाम. . . . . .र

सम्भव भए बाजेको नामसमेत . . . .

अंचल. . . . . . . .जिल्ला. . . . . . .

पन्चायत. . . . .

प्रमाण संकेत	वार्ड नम्बर	जमीन तल्लाको कित्ता नम्बर	जमीन तल्लाको किसिम	जमीन तल्ला वालाको नाम, थर र वतन	तल्ला (जमीन तल्ला, पहिलो तल्ला आदि)	तल्लाको विवरण नाप	तल्लाको विवरण अरू विवरण	तल्लावालाको हक हिस्सा	नापी फाराम नं.१.ख.मा लेखिएको कैफियत व्यहोरा	सहीछाप र मिति	कैफियत
						लम्बाइ... चौडाइ.... वर्गमिटर					

१३०१

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गाधनी नं ... ...
जग्गा पाउनेको नाम, थर ... ...
जग्गा पाउनेको बाबुको नाम ... ...
जग्गा पाउनेको बाजेको नाम ... ..., ...
अंचल . . . . जिल्ला ... ...
पंचायत . . . .

अनुसूची– ४ ग.

(नियम ८ को उपनियम (२) को खण्ड (घ) संग सम्बन्धित)

श्री ५ को सरकार
वन मन्त्रालय
जग्गाधनी दर्ता प्रमाणपूर्जा

जग्गा पाउने व्यक्तिको तस्वीर

दश वर्षसम्म बेच-बिखन दान-दातव्य हक हस्तान्तरण गर्न नपाउने

जम्मा क्षेत्रफल .. .. ..

प्रमाण संकेत क्षेत्रीय बसोबास कार्यालयको चलानी पूर्जाबाट	वार्ड नम्बर	कित्ता नम्बर	जग्गा पाउनेको साबिक ठेगाना				जग्गाको किसिम र क्षेत्रफल								जग्गाको मोल	मालपोत	दर्ता पूर्जा दिने अधिकारीको सहीछाप र मिति	कैफियत
							धनहर वा खेत बिगहा				भीट वा पाखो बिगहा							
			अंचल	जिल्ला	पंचायत	वार्ड नम्बर	अब्वल	दोयम	सिम	चाहार	अब्वल	दोयम	सिम	चाहार				

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

९३०२

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।